# पोखरा महानगरपालिका
## नगरकार्यपालिको कार्यालय

न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६१ ५२११०५
कार्यालय सोधपुछ :५२७१७३
ईमेल : info@pokharamun.gov.np
वेबसाइट : www.pokharamun.gov.np

पत्र संख्या : ०७७/७८
चलानी नं. ८८३६

मिति : २०७८/०३/२२

श्री वडा नं. १ देखी ३३,
पोखरा महानगरपालिका, कास्की

**बिषय : जग्गाको विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा KOICA र UNDP को संयुक्त टिमले **"फोहरमैला व्यवस्थापनको माध्यमबाट पोखरा महानगरपालिकामा हरित रोजगारी सिर्जना गर्ने परियोजना"**को लागि सम्भाव्यता अध्ययन कार्य भैरहेको व्यहोरा अवगत गराउन चाहान्छु । सोही परियोजनाको उद्देश्य अनुसार हरित उद्यम क्षेत्र (**Green Venture Zone**) स्थापना गर्नको लागि पोखरा क्षेत्रको उपयुक्त स्थानमा कम्तिमा १० (दश) रोपनी जग्गा आवश्यक पर्ने भएकोले त्यस वडा भित्र जग्गा उपलब्ध हुन सक्ने भए वडास्तरीय निर्णय सहित तपसिलमा उल्लेखित प्राथमिकताका आधारमा पत्र प्राप्त मितिले ७ दिन भित्र जग्गाको विवरण उपलब्ध गराउनुहुन अनुरोध छ ।

**क) परियोजनाको उद्देश्य**

१. पुन: प्रयोग जन्य र पुन: चक्रियरुपमा प्रयोग गर्न सक्ने फोहरमैलाको व्यवस्थापन गर्ने ।

२. वातावरणमैत्री पर्यटन गन्तब्यको रुपमा विकास गर्ने ।

३. ल्याण्डफिल जाने फोहोरको मात्रा घटाउने ।

४. स्थानिय स्तरमा रोजगारीको अवसर सिर्जना गर्ने ।

५. फोहोरमैला व्यवस्थापनका लागि नमूना अध्ययन केन्द्रको रुपमा विकास गर्ने ।

६. खेर गईरहेको फोहरलाई श्रोतमा परिणत गरी नयाँ र आधुनीक सामग्री तयार गरि अर्थोपार्जन गर्ने ।

**ख) परियोजनाको लागि कम्तिमा ८ मिटर चौडा सडक सुविधा भएको जग्गाको प्राथमिकताका आधारहरु**

१. महानगरपालिकाका नाममा भएको जग्गा

२. महानगरपालिका वा मातहतका सरकारी निकायले भोग चलन गरिरहेको जग्गा

३. सार्वजनिक जग्गा

०७८/३/२२
महेश बराल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।"